# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## २ नं. प्रदेश, नेपाल

**कृषकहरूको गाई/भैंसीलाई सुत्केरी पोषण भत्ता अनुदान कार्यक्रमका लागी दरखास्त आव्हानको सूचना ।**

प्रथम पटक प्रकाशन मिति २०७४/१२/२९

यस नगरपालिकाको मिति २०७४/१२/२१ गतेको कायपालिकाबाट पारित कार्यान्वयन विधि अनुसार यस नगरपालिका भित्र पालन पोषण गरेको गाई/भैंसी सुत्केरी भएकोमा त्यस्ता पाल्तु गाई/भैंसीलाई सुत्केरी पोषण भत्ता वितरण गरिने कार्यक्रम रहेकोले सम्बन्धित वडा कार्यालयमा कागजात सहित निवेदन पेश गर्नु हुन तथा उक्त कार्यका लागी देहायका आधारमा कृषक छनोट गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**कृषक छनोटका आधारहरू :**

१. अनुदान प्राप्त गर्न चाहने कृषकहरूले गाई/भैंसी सुत्केरी भएको ७(सात) दिन भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन दिएको,
२. वाच्छो/बाच्छी, पाडा/पाडीको र कृषक सहितको फोटो - थान १
३. नेपाली नागरिकताको प्रतिलिपी - थान १
४. सम्बन्धित कृषकले सुत्केरी पशु कम्तिमा १ महिनासम्म पालन पोषण गर्ने नेपाली कागजको कवुलियतनामा ।
५. सम्बन्धित कृषकको सम्पर्क नम्बर सहित तीनपुस्ते खुलेको विवरण र अन्य सम्बन्धित कागजातहरू ।
६. उल्लेखित मापदण्ड पुरा गरेको निवेदन अध्ययन गरी सम्बन्धित वडा कार्यालयले सिफारिस साथ पशु सेवा शाखामा उपलब्ध गराउने ।
७. स्विकृत निवेदनको आधारमा पशु सेवा शाखा, लालबन्दीबाट उक्त भत्ता वितरण गरिने ।
८. अघिल्लो मितिमा दर्ता गर्ने कृषकले प्राथमिकता प्राप्त गर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत